# साइबरपोर्ट क्रिएटिभ माइक्रो फण्ड (“CCMF”) हङकङ कार्यक्रम (Cyberport Creative Micro Fund (“CCMF”) Hong Kong Programme)

आवेदकहरुको लागि निर्देशन तथा नोटहरु

**तपाईंले निम्न कुरा गर्नु आवश्यक छ:**

आफ्नो आवेदन पेश गर्नुअघि साइबरपोर्ट क्रिएटिभ माइक्रो फण्ड (“CCMF”) हङकङ कार्यक्रम (Cyberport Creative Micro Fund ("CCMF") Hong Kong Programme) सम्बन्धि ब्रोसर(हरु) पढ्ने र यसका निर्देशन तथा नोटहरु अध्ययन गर्ने ।

आवेदनमा तपाईंलाई कुनै जिज्ञासा भएमा फोन अथवा इमेल मार्फत हङकङ साइबरपोर्ट म्यानेजमेन्ट कम्पनी लिमिटेड (“साइबरपोर्ट”) (Hong Kong Cyberport Management Company Limited ("Cyberport")) मा सम्पर्क गर्ने ।

हटलाइन: (८५२) ३१६६ ३९०० (बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म, सोमबारदेखि शुक्रबारसम्म)

फ्याक्स: (८५२) ३१६६ ३०२७

इमेल: ccmf_enquiry@cyberport.hk

**१. योग्यता तथा आवेदन प्रक्रिया**

१.१ CCMF हङकङ प्रोग्राममा प्रवेश गर्ने आवेदकले **निम्न कुरा** छनोट गर्नसक्छन:

क) हङकङ योङ इन्ट्रप्रेनोयर कार्यक्रम (“HKYEP”) (Hong Kong Young Entrepreneur Programme ("HKYEP")), अथवा

ख) व्यावसायिक धार

१.२ HKYEP तथा CCMF हङकङ कार्यक्रमको व्यावसायिक धार अन्तर्गत आवेदन व्यक्तिगत आवेदनको रुपमा अथवा कम्पनीको आवेदनको रुपमा ~~आवेदन~~ पेश गर्न सकिन्छ ।

१.३ **व्यक्तिगत आवेदन**को लागि, मुख्य आवेदक हङकङ स्थायी परिचय पत्र वाहक हुनुपर्छ । **कम्पनी आवेदन**को लागि, कम्पनी हङकङमा दर्ता भएको र समावेश भएको हुनुपर्छ । आवेदनको अन्तिम म्यादसम्ममा १८ वर्ष वा सो भन्दा माथि उमेर पुगेका आवेदकहरुको लागि आवेदन खुला गरिएको छ ।

१.४ **HKYEP को निम्ति व्यक्तिगत आवेदन**को लागि, मुख्य आवेदक एक हङकङ स्थायी परिचय पत्र वाहक हुनुपर्छ र आवेदनको अन्तिम म्यादमा १८ – ३५ वर्षको उमेरको हुनुपर्छ ।

१.५ HKYEP **को कम्पनी आवेदन**का सम्पूर्ण आवेदकहरु कम्तिमा ~~पनि~~ १८ वर्षको उमेरको हुनुपर्छ र आवेदनको अन्तिम म्यादसम्ममा व्यवसाय मालिक(हरु) मध्ये एकको उमेर १८-३५ वर्षको हुनुपर्छ । यसका साथै, **CCMF** परियोजना अवधिभर तोकिएको व्यवसाय मालिकले सोहि पद धारण गर्नुपर्छ । कम्पनी हङकङमा दर्ता भएको र समावेश भएको हुनुपर्छ ।

१.६ **व्यावसायिक धारको लागि व्यक्तिगत आवेदन तथा कम्पनी आवेदन**का सम्पूर्ण आवेदकहरु (यि भनेका, CCMF आवेदन फारममा उल्लेख भएका मुख्य आवेदक र परियोजना व्यवस्थापनका सदस्यहरु) आवेदनको अन्तिम म्यादसम्ममा कम्तिमा पनि १८-वर्ष उमेरको हुनुपर्छ ।

१.७ व्यक्तिगत आवेदनहरुका सम्पूर्ण आवेदकहरु, कम्पनी आवेदनका संस्थापकहरु/ सह-संस्थापकहरु अथवा निर्देशकहरु निम्न कार्य गरिरहेका संस्थापक/ सह-संस्थापक अथवा निर्देशकहरु हुनुहुँदैन:

१.७.१ हङकङ डिजाइन सेन्टर वा हङकङ साइन्स एण्ड टेक्नोलोजी पार्क्स कर्पोरेसन (Hong Kong Design Centre or Hong Kong Science & Technology Parks Corporation) द्वारा संचालित कुनैपनि बिउ कोष कार्यक्रम(हरु), प्रि-इनक्युबेशन कार्यक्रम(हरु) तथा इनक्युबेशन कार्यक्रम(हरु)मा अथवा त्यस्तै प्रकृतिका परियोजना वा कम्पनी।

१.७.२ हङकङ डिजाइन सेन्टर वा हङकङ साइन्स एण्ड टेक्नोलोजी पार्क्स कर्पोरेसन (Hong Kong Design Centre or Hong Kong Science & Technology Parks Corporation) द्वारा संचालित कुनैपनि बिउ कोष कार्यक्रम(हरु), प्रि-इनक्युबेशन कार्यक्रम(हरु) तथा इनक्युबेशन कार्यक्रम(हरु)मा पहिले शामेल भएका वा ग्राजुएट गरेका एकै वा त्यस्तै परियोजना ।

हङकङ डिजाइन सेन्टर वा हङकङ साइन्स एण्ड टेक्नोलोजी पार्क्स कर्पोरेसन (Hong Kong Design Centre or Hong Kong Science & Technology Parks Corporation) द्वारा संचालित केहि कार्यक्रमहरुको उदाहरण, संलग्न गरिएको तालिका १ मा सुचिकृत छन् ।

१.८ आवेदनमा CCMF कार्यक्रमहरुमा पहिल्यै स्वीकार भएका एउटै परियोजना वा त्यस्तै परियोजना प्रयोग गर्ने अनुमति दिंदैन, यसमा CCMF आवेदन दिनको लागि CCMF हङकङ कार्यक्रम (CCMF Hong Kong Programme), CCMF क्रस-बाउन्ड्री कार्यक्रम (CCMF Cross-Boundary Programme), तथा साइबरपोर्ट युनिभर्सिटी पार्टनरसिप कार्यक्रम (Cyberport University Partnership Programme) पनि पर्दछन ।

१.९ यदि एउटै परियोजनाको आवेदकले एकै पटक साइबरपोर्ट क्रिएटिभ माइक्रो फण्ड (CCMF) (Cyberport Creative Micro Fund (CCMF)) र साइबरपोर्ट इनक्युबेशन कार्यक्रम (CIP) (Cyberport Incubation

Programme (CIP)) दुवैमा आवेदन दिएमा, HKCMCL ले थप जानकारी बिना नै CIP को आवेदनमा मात्र विचार गर्नेछ ।

१.१० CCMF हङकङ कार्यक्रम (CCMF Hong Kong Programme) का आवेदकहरुले आवेदनको अन्तिम म्याद भित्रमा साइबरपोर्ट इन्ट्रप्रेन्योरशिप म्यानेजमेन्ट सिस्टम ““EMS”” मार्फत सहायक कागजातहरुको (आवश्यक सवै कागजपत्रहरू समेतगरी) अनलाइन CCMF आवेदक फारम पेश गर्नुपर्छ ।

१.११ EMS अनलाइन आवेदन, व्यक्तिगत आवेदनको  हकमा मुख्य आवेदक अथवा कम्पनी आवेदनको  हकमा संस्थापक/ सह-संस्थापक तथा निर्देशकहरुद्वारा पेश गरिनुपर्छ । अन्यथा, आवेदनलाइ प्रक्रियामा लगिने छैन ।

१.१२ आवेदनहरुको छनोट

१.१२.१ आवेदकहरुको लागि यस निर्देशन तथा नोटहरुमा उल्लेख गरिएका योग्यता मापदण्ड, आवेदनहरुले पुरा गरे नगरेका पक्का गर्नको निम्ति साइबरपोर्टले प्रक्रियाभरि सबै आवेदनहरु छनोट गर्नेछ ।

१.१२.२ छनैाटसूचिमा परेका आवेदकहरुलाई मात्र प्रस्तुति सत्रमा आमन्त्रण गरिनेछ ।

## २. **परियोजना प्रकृति**

२.१ कार्यक्रममा समावेशहुनु अधावै सबै परियोजनाहरु डिजिटल प्रविधि सम्बन्धि क्षेत्रहरुमा र योजना अवधारणा अथवा नमूना (प्रोटोटाइप) विकासको चरणमा आधारित हुनुपर्छ ।

२.२ CCMF आवेदन चरणको अवधिमा वा पहिले र परियोजनाको अवधिमा, परियोजनाहरुले अन्य सार्वजनिक वित्त पोषित संगठनहरू / प्रोग्रामहरूद्वारा प्रदान गरिएको कुनै प्रस्ताव वा कोष स्वीकार गरेका छैनन् । सार्वजनिक वित्त पोषित संगठन / प्रोग्रामहरुको उदाहरणहरु, संलग्न गरिएको तालिका १ मा सूचिकृत छन् ।

२.३ एक परियोजनाले माथि भाग १ र २ मा उल्लेख गरिएको आवश्यकता पुरा गर्छ कि गर्दैन भनि व्याख्या गर्ने र निर्णय गर्ने पूर्ण अधिकार साइबरपोर्ट र/अथवा छनौट समूहले सुरक्षित राख्दछ ।

३. **अन्य कोष कार्यक्रमहरुमा सहभागिता**

३.१ आवेदकहरु आफु अन्य कुनै सार्वजनिक रुपमा र/वा निजीगत रुपमा वित्त पोषित कार्यक्रममा आफ्नो सहभागिता भए त्यसता सबै सहभागिता सच्चा, पूर्ण तथा सहि खुलासा गर्नुपर्छ । यस्तो खुलासा डिजिटल प्रविधि परियोजनाहरुमा वा अन्य डिजिटल प्रविधि परियोजनाहरु मात्रमा सिमित राख्नने भने होइन ।

क) त्यस्ता कार्यक्रमहरुको लागि अघि बढिरहेका सबै आवेदनहरु;

ख) त्यस्ता कार्यक्रमहरुको लागि सबै शुरूवातहरू ;

ग) CCMF आवेदन पेश गरेको मिति अगाडी पछिल्लो १८ महिनामा आवेदक (वा आवेदकद्वारा स्थापित कुनैपनि कम्पनी) ले प्राप्त गरेका सबै अनुदान वा कोषहरु, र त्यस्ता अनुदान वा कोषको लागि आवेदकद्वारा भएको खर्चको दायरा; साथै

घ) सम्पूर्ण अनुदान वा कोषहरु जुन आवेदक (वा आवेदकद्वारा स्थापित कुनैपनि कम्पनी) ले CCMF आवेदन पेश गरेको १८ महिना भित्र प्राप्त गर्ने वा प्राप्त गर्न योग्य हुने आशा राख्दछ र त्यस्ता अनुदान वा कोषको लागि खर्चको दायरा ।

नोट:

कम्पनी आवेदकहरुको लागि, माथिको (ख) र (ग) को खुलासा प्रस्तावित वा त्यस्तै डिजिटल प्रविधि परियोजनामा सहभागी निर्देशक तथा सेयरधनि भएका कम्पनीका हकमा पनि विस्तार हुन्छ ।

३२. आवेदकहरुले, अनुरोध हुँदा कुनैपनि बेलामा, त्यस्ता सार्वजनिक रुपमा र/वा निजीगत रुपमा वित्त पोषित प्रोग्रामहरुको लागि भुक्तानी गरेको वा लिएको प्रमाण पेश गर्नुपर्छ ।

३.३ यदि माथिको ३.१ को आधारमा प्रदान गरिएका जानकारीमा कुनै परिवर्तन भएमा आवेदकहरुले तुरुन्तै साइबरपोर्टलाई जानकारी गराउनुपर्छ (र जब अनुरोध गरिन्छ, पेश गरिएको मिति पश्चात त्यस्ता प्रोग्रामको सन्दर्भमा भुक्तानी गरिएको वा लिईएको प्रमाण प्रदान गर्नुपर्छ)

३.४ कुनैपनि समयमा, आवेदक / CCMF अनुदान प्राप्तकर्ताहरुको, आवेदन दिईएको तथा आवेदन दिनुपर्ने कुनैपनि सार्वजनिक वित्त-पोषित कार्यक्रमको लागि आफ्नो परियोजना तथा कम्पनी अवस्था साइबरपोर्ट इन्ट्रप्रेन्योर समूहलाई अपडेट गर्ने दायित्व हुन्छ । आवेदनको चरणमा तथा CCMF परियोजना अवधिको ६-महिनामा सार्वजनिक वित्त पोषित संस्था/कार्यक्रमहरुद्वारा कुनैपनि प्रस्ताव अनुदान दिईएको / वा दिईनुपर्ने भए सोको जानकारी दिनुपर्ने छ।

३.५ आवेदक तथा CCMF अनुदान प्राप्तकर्ताहरुले, ६ महिनाको CCMF परियोजना अवधिमा एउटै परियोजना अथवा त्यस्तै प्रकृति/क्षेत्रको परियोजनामा यस कागजातको भाग १ उल्लेख भएका हङकङ डिजाइन सेन्टर (Hong Kong Design Centre) तथा हङकङ साइन्स एण्ड टेक्नोलोजी पार्क्स कर्पोरेसन (Hong Kong Science & Technology Parks Corporation) अथवा सो सरहद्वारा संचालित बिउ कोष प्रोग्राम, प्रि-इनक्युबेशन प्रोग्राम तथा प्रि-इनक्युबेशन प्रोग्रामको कुनैपनि प्रस्ताव स्वीकार गर्नुहुँदैन । अन्यथा, सम्बन्धित आवेदक(हरु)ले तथा CCMF अनुदान प्राप्तकर्ता(हरु)ले CCMF आवेदन/ प्रोग्रामबाट आवेदन फिर्ता लिनुपर्छ । आवेदकहरुसँग भुक्तानी गरिएका अनुदानहरु पूरा फिर्ता माग्ने पूर्ण अधिकार साइबरपोर्टसँग सुरक्षित रहेको छ ।

३.६ यस कागजात, आवेदन फारम तथा CCMF सम्झौताको कुनै शर्त कुनैपनि आवेदक र/वा CCMF अनुदान प्राप्तकर्ताले उल्लङ्घन गरेमा,निजले CCMF आवेदन/ प्रोग्रामबाट फिर्ता हुनु आवश्यक हुन्छ ।

साइबरपोर्टले आफ्नो एकल तथा पूर्ण विवेकमा आवेदनको जुनसुकै चरणमा/ योजनामा आवेदक/ प्राप्तकर्ताहरुकाे खारेज गर्न, र अनुदान दिईएको प्रस्ताव फिर्ता माग्ने अधिकार सुरक्षित राखेको छ ।

## ४. **CCMF आवेदनको भेटिङ**

### ४.१ छनैाट मापदण्ड र अंक बिभाजन

एक CCMF अनुदान प्राप्तकर्ता बन्नको लागि सम्भावित परियोजनाको क्षमता निर्धारण गर्नको लागि छनैाट कार्यदलले(समूहले) निम्न मापदण्ड र अंकभार ध्यानमा राख्नुपर्छ:

परियोजना व्यवस्थापन समुह (३०%)

परियोजना व्यवस्थापन समूहको पहिलेको गतिविधी (ट्र्याक रेकर्ड), कार्यान्यवन क्षमता, बजारमा प्रक्षेपणको राम्रो सम्भावना, व्यक्तिगत योग्यताहरु, तथा सामूहिक कार्यशैली बाट दर्शिएको परियोजना व्यवस्थापन समूहको क्षमता।

ब्यासायीक नमूना (मोडेल)र बजार सम्मको समय (३०%)

दुर दृष्टि, दिशा निर्दिश्टता, लगु तथा दिर्घकालिन उदेश्यहरु, वस्तुको बजार आवश्यकता, लछित बजार (टार्गेट मार्केट) र बजारीकरण रणनीति, तथा परियोजना व्यवहार्यता को यथार्थ मूल्यांकनको गुणस्तर तथा प्रभावकारी संचार । साथै अनुदान प्राप्त भएको मितीबाट तिन महिनाभित्र उत्पादन निकाल्नेलाइ प्रोत्साहन दिइने छ ।

प्रस्तावित परियोजना, वस्तु तथा सेवाको सिर्जनशीलता तथा नवीनता (३०%)

नवीनतम प्रविधि, सिर्जनशील समाधान, बाधक प्रविधि क्षमता (नविनतम तथा सहज प्रविधी ), उदाउँदो वा विकासोन्मुख समस्या-समाधान गर्ने प्रविधिको प्रयोग जस्ता तत्वहरु ।

सामाजिक उत्तरदायित्व (१०%)

त्यस्ता परियोजनाहरुलाई प्राथमिकता दिईनेछ जसले सामाजिक उत्तरदायित्व उदेश्यहरुलाई परियोजनाको केन्द्रमा राखेका हुन्छ (जुसमा खुला श्रोत, क्रिएटिभ कमन्स सहितका अन्य "प्रगतिशील" प्रविधिहरु केन्द्रमा रहने छन), नैतिक निर्णयका प्रदर्शनी, अथवा सामाजिक वातावरणबाट सुरु हुने समस्याको समधानको ~~रूपमा~~ समावेश गर्छन ।

४.२ अन्तिम निर्णय

अन्तिम कोष निर्णय भेटिङ समूहको मुल्यांकनको विषय रहन्छ । निर्णयको व्याख्याको लागि कुनैपनि आह्वान वा अनुरोध विचार गरिनेछैन ।

**५ नतिजा घोषणा**

५.१ अन्तिम छनोटको (भेटिङ) नतिजा आवेदकहरुलाई इमेल बाट सूचीक्रित गरिनेछ, जुन साइबरपोर्टले निगारानीमा (सन्दभ जाचमा) गर्छ ।

**६ छनौटका लागि प्रस्तावको स्वीकृति**

६.१ सफल आवेदकहरुले नतिजा घोषणाको मितिदेखि ३० दिन भित्रमा उनीहरुको स्वीकार्यता पुष्टि गर्नको लागि एक CCMF अनुदान प्राप्तकर्ता समझदारी पत्र हस्ताक्षर गरेर पठाउनुपर्छ ।

६.२ यदि साइबरपोर्टले एक सफल आवेदकबाट माथि उल्लेखित समयावधिमा हस्ताक्षर गरिएको CCMF अनुदान प्राप्तकर्ताको समझदारी प्राप्त गरेन भने, साइबरपोर्टले मान्नेछ कि आवेदकले आफ्नो आवेदनहरु फिर्ता लिएका छन । यस्ता आवेदकको आवेदन कुनै सूचना बिना नै खारेज गरिनेछ ।

**७ परियोजना कार्यान्वयन**

७.१ CCMF अनुदान प्राप्तकर्ताको मतलब व्यक्ति, कम्पनी वा समूह (जस्तो लागु हुन्छ) हुन्छ जसले साइबरपोर्टसँग CCMF अनुदान प्राप्तकर्ता समझदारीमा प्रवेश गरेका छन ।

७.२ CCMF अनुदान प्राप्तकर्ताहरुले आफ्ना परियोजनाहरु ६ महिनाको अवधि भित्रमा कार्यान्वयन गर्न आवश्यक हुन्छ । यो ६-महिनाको अवधिमा, CCMF अनुदान प्राप्तकर्ताहरुले अन्तरिम तथा अन्तिम रिपोर्टहरु पेश गर्न आवश्यक हुन्छ ।

**८ कोष**

८.१ CCMF अनुदान प्राप्तकर्ताहरुलाइ निम्न चरणहरूमा गरेर जम्मा HK$१००,००० अनुदान भुक्तानी दिइनेछ ।

८.१.१ CCMF समझदारी हस्ताक्षर गरेपछि CCMF अनुदान प्राप्तकर्तालाई HK$१०,००० भुक्तानी गरिनेछ ।

८.१.२ साइबरपोर्टको उधमी (इन्ट्रप्रेन्योर) समूहको वरिष्ठ म्यानेजरद्वारा अन्तरिम रिपोर्ट पारित भएपछि HK$४५,००० भुक्तानी गरिनेछ ।

८.१३. बाँकी रहेको HK$४५,०००, निम्न कुरापछि भुक्तानी गरिनेछ:

क) परियोजना पूर्ण भएपछि; र

ख) साइबरपोर्टको उधमी (इन्ट्रप्रेन्योर) समूहको वरिष्ठ म्यानेजरद्वारा अन्तिम रिपोर्ट पारित भएपछि ।

## ९ आवेदक / CCMF अनुदान प्राप्तकर्ताहरुको दायित्व

९.१ CCMF को खुलापन, निस्पक्षता तथा निष्ठा सुनिश्चित गर्नको लागि, प्रत्येक आवेदक/ CCMF अनुदान प्राप्तकर्ताले:

९.१.१ घुसखोरी अध्यादेश (हङकङ विधान – Cap. २०१) हेरेर यसको रोकथाम निरीक्षण गर्नुपर्छ र आफ्ना कर्मचारी, एजेन्ट, सबकन्ट्र्याक्टर तथा अन्य स्टाफहरु जो यसको एप्लिकेसन/परियोजना (“स्टाफ”) सँग कुनैपनि तरिकामा संलग्न रहेकाछन्, उनीहरुलाई सल्लाह दिनुपर्छ कि उनीहरुले पनि त्यो निरीक्षण गर्नुपर्छ र उनीहरुले कसैलाई केहि दिने वा लालच देखाउने वा कुनै व्यक्तिबाट कुनैपनि लाभ लिने अनुमति छैन, आवेदक/परियोजनासँगको सम्बन्धमा घुसखोरी अध्यादेशको रोकथाममा व्याख्या गरिएजस्तै;

९.१.२ साइबरपोर्टद्वारा नियुक्त गरिएको कुनै व्यक्तिलाई, छनोट (भेटिङ) समूहको कुनै सदस्यलाई अथवा यसको पक्षमा रहेको व्यक्तिलाई CCMF प्रोग्राम अवधिमा कुनैपनि लाभदायक उपहार कृपा, अथवा CCMF सम्बन्धि कुनैपनि कार्यमा त्यस्ता व्यक्तिको कामको लागि वा मनाउनको लागि वा गराइको लागि वा जबर्जस्ती गराउनको लागि प्रलोभन वा इनाम, अथवा CCMF सम्बन्धि कुनैपनि व्यक्तिलाई कृपा वा अनादर गर्न वा गर्नको लागि मनाउन, केहिपनि प्रस्ताव गर्नुहुँदैन, दिनुहुँदैन वा दिनको लागि सहमत हुनुहुँदैन;

९.१.३ कुनैपनि सम्भावित वा वास्तविक रुचिको द्वन्दको बारेमा थाह भएमा तुरन्तै घोषणा गर्नुपर्छ र साइबरपोर्टलाई लिखितरुपमा जानकारी गराउनुपर्छ । "विचारको द्वन्द"ले यी कुरा समावेश गर्छ (तर यति मात्र होइन) - एक आवेदक/CCMF अनुदान प्राप्तकर्ता वा यसको स्टाफको व्यक्तिगत/आर्थिक रुचीले, त्यस्ता आवेदक / CCMF अनुदान प्राप्तकर्ता वा CCMF अन्तर्गतका स्टाफको भूमिका, कर्तव्य र/वा निष्पक्षतासँग द्विविधा राख्छ वा प्रतिस्पर्धा गर्छ, वा द्विविधा राख्ने वा प्रतिस्पर्धा गर्ने अपेक्षा गरिने अवस्था;

९.१.४ आवेदक/CCMF अनुदान प्राप्तकर्ता आफ्नो परियोजनाको मूल निर्माता रहेको र सो परियोजना मौलिक रहेको साबित गर्नुपर्छ । आवेदकको / CCMF अनुदान प्राप्तकर्ताको ज्ञानमा, आवेदकको / CCMF अनुदान प्राप्तकर्ताको परियोजना तथा परियोजनाको हिस्साको रुपमा विकसित हुने तिनको वस्तु(हरु) र/तथा सेवा(हरु) संसारमा कहींपनि विकसित हुँदै गरेको वा उपलब्ध नभएको हुनुपर्छ ।

९.१.५ पक्का गर्नुपर्दछ कि परियोजना तथा परियोजनाको रुपमा विकसित हुने वस्तु(हरु) र/वा सेवा(हरु)को विकास, पूर्णता तथा प्रयोगले अन्य कुनै पक्षको अधिकार वा बौद्धिक संपत्ति अधिकारहरु भंग गर्नेछैन, त्यस्तै संपत्ति प्याटेन्ट अधिकार, ट्रेडमार्क अधिकार, र प्रतिलिपि अधिकार सहित तर यतिमा सिमित नहुने;

९.१.६ CCMF अन्तर्गत पारित भएको परियोजनाको अनुदानको उपयोग परियोजनाको उदेश्यको लागि विवेकपूर्ण, प्रभावशाली तथा एकल रुपमा प्रयोग गर्नुपर्छ ।

९.१.७ CCMF बाट प्राप्त हुने कुनैपनि अनुदान अरुलाई दिने, बाँड्ने, कानुन तथा कुनैपनि शर्तको उल्लङ्घन हुने कार्यमा वा अन्य रुपमा प्रयोग गर्ने गर्नुहुँदैन ।

९.१.८ CCMF सम्बन्धि कुनैपनि वस्तु/सेवाहरुको खरिदमा खुलापन, निस्पक्षता तथा प्रतिस्पर्धाको सिद्दान्तको पालना गर्नुपर्छ; र

९.१.९ आवेदक तथा CCMF अनुदान प्रापकले र त्याहाका कर्मचारीले सबै आवश्यकताहरु र पालना गर्नु पर्ने गाइडका निर्देशनहरू,  आवेदन फारम  र अन्य सम्जौताहरू (आचार संहिता वा ठेक्का प्रावधानको तरिका सहित) बारे जानकार र नियममा रहेको पक्का गराउनुपर्छ ।

९.२ यदि आवेदक/ CCMF आवेदन प्राप्तकर्ताको कुनैपनि सदस्यले यी निर्देशन, CCMF आवेदन फारम तथा आवेदक/ CCMF आवेदन प्राप्तकर्ता र साइबरपोर्ट बिचको अन्य कुनै सान्दर्भिक समझदारी(हरु)को कुनैपनि नियम तथा शर्तहरु उल्लङ्घन गरेमा, साइबरपोर्टसँग कुनैपनि आवेदन रद्द गर्ने अथवा CCMF अनुदान प्राप्तकर्ताले प्राप्त गरेको पुरा रकम फिर्ता माग्ने पूर्ण अधिकार रहन्छ ।

१०. **हङकङको कानुन तथा अन्य क्षेत्राधिकारहरुको पालना**

१०.१ आवेदक/CCMF अनुदान प्राप्तकर्ताले कम्पनीको व्यवसाय संचालन गर्दा सबै स्थानीय कानुन तथा नियमहरुको पालना गर्नुपर्छ, रअन्य व्यापार संचालनमा रहने  क्षेत्रका क्षेत्राधिकारहरूको नियम पनि पालना गर्नुपर्छ ।

**तालिका १**

**सार्वजनिक वित्त पोषित संस्था / कार्यक्रमहरुको उदाहरणहरु**

सार्वजनिक वित्त पोषित संस्था / प्रोग्रामहरुको उदाहरणमा निम्न कुरा पर्दछन, तर त्यतिमा सीमित छैनन्:

**संस्थाहरु**

हङकङ एप्लाइड साइन्स एण्ड टेक्नोलोजी रिसर्च इन्स्टिच्युट (ASTRI) (Hong Kong Applied Science and Technology Research Institute (ASTRI))

हङकङ डिजाइन सेन्टर (HKDC) (HONG KONG Design Centre (HKDC))

हङकङ प्राडक्टिभिटी काउन्सिल (HKPC) (Hong Kong Productivity Council (HKPC))

हङकङ साइन्स एण्ड टेक्नोलोजी पार्क्स कर्पोरेसन (HKSTP) (Hong Kong Science & Technology Parks Corporation (HKSTP))

द गभर्मेन्ट अफ द हङकङ स्पेसल एड्मिनिस्ट्रेटिभ रिजन (HKSAR) (The Government of the Hong Kong Special Administrative Region (HKSAR))

**कार्यक्रमहरु**

HKDC को डिजाइन इन्क्युबेशन कार्यक्रम (Design Incubation Programme [DIP] of HKDC)

HKSTP को साइन्स एण्ड टेक्नोलोजी इन्ट्रप्रेन्योर कार्यक्रम (Science and Technology Entrepreneur Programme [STEP) of HKSTP)

HKSTP को इनक्यु-एप कार्यक्रम (Incu-App Programme of HKSTP)

HKSTP को इनक्यु-टेक कार्यक्रम (Incu-Tech Programme of HKSTP)

HKSTP को इनक्यु-बायो कार्यक्रम (Incu-Bio Programme of HKSTP)

HKSTP को लिडीङ इन्टरप्राइजेज एसिलेरेसन कार्यक्रम (Leading Enterprises Acceleration Programme of HKSTP)

HKSTP को आइडीएम-स्क्वायर हार्डवेयर एसिलेरेटर कार्यक्रम (iDM-Square Hardware Accelerator of HKSTP)

३· CCMF का दुईवटा प्रकारहरू छन: व्यावसायिक धार र हङकङ योङ इन्ट्रप्रेन्योर प्रोग्राम (HKYEP), प्रत्येक प्रकारले कुन प्रतिस्पर्धीलाई लाभ प्रस्ताव गर्दछन?

आवेदकले व्यावसायिक धार वा HKYEP मध्ये एक छनोट गर्न सक्छन। तिनीहरु बिचको मुख्य भिन्नता भनेको उमेरको मापदण्ड हो। व्यावसायिक धारका आवेदकहरु आवेदनको अन्तिम म्यादसम्ममा १८ वर्ष वा माथिको उमेरको हुनुपर्छ। HKYEP को लागि, व्यक्तिगत आवेदनका मुख्य आवेदक आवेदनको अन्तिम म्यादसम्ममा १८-३५ वर्षको उमेरको हुनुपर्छ र कम्पनी आवेदकहरुको कम्तिमा पनि १ जना व्यवसाय मालिक १८-३५ वर्षको उमेरको हुनुपर्छ।

यदि त्यहाँ १८-३५ वर्षको उमेरको समूह सदस्य छैनन भने, आवेदकहरुले व्यावसायिक धारको लागि आवेदन दिनुपर्छ। अन्यथा, आवेदकहरुले व्यावसायिक स्ट्रिम वा HKYEP को लागि आवेदन दिन सक्छन।

आवेदकहरुले व्यक्तिगत रुपमा वा आफ्ना कम्पनीको तर्फबाट आवेदन दिन सक्छन। व्यक्तिगत आवेदकहरु हङकङ स्थायी परिचय पत्र वाहक हुनुपर्छ। कम्पनी आवेदकहरुको हकमा उनीहरुसँग हङकङमा दर्ता भएको र समावेश भएको एक लिमिटेड कम्पनी हुनुपर्छ।

दुईवटा धारहरुको छनोट बैठक (भेटिङ मिटिङ) तथा प्रस्तुति सत्रहरु छुट्टाछुट्टै संचालन गरिनेछन। व्यक्तिगत भेटिङ समूहले आवेदकहरुलाई ४ वटा मापदण्डको सन्दर्भमा मुल्यांकन गर्नेछ, परियोजनाको सिर्जनशीलता तथा नवीनता, व्यवस्थापन समूह अनुभव तथा क्षमता, बजार व्यवहार्यता, व्यवसाय प्रारूप (मोडल) तथा प्रस्तावित माइलस्टोन, सामाजिक उत्तरदायित्व, इत्यादी सहित र उच्च क्षमता बोकेका आवेदकहरुको छनोट गर्नेछ ।

---

४· यदि म एक हङकङ स्थायी परिचय पत्र वाहक होइन भने, के मैले CCMF हङकङ प्रोग्राममा आवेदन दिनसक्छु?

हो, तपाईंले CCMF हङकङ प्रोग्राम अन्तर्गत एक कम्पनी आवेदकको रुपमा व्यावसायिक स्ट्रिम वा HKYEP मा आवेदन दिन सक्नुहुन्छ।

हङकङ योङ इन्ट्रप्रेन्योर प्रोग्राम स्ट्रिम (Kong Young Entrepreneur Programme Stream) मा आवेदनको लागि, भर्नाको बेलामा हङकङमा दर्ता भएको र समावेश भएको एक लिमिटेड कम्पनीको अतिरिक्त, आवेदनको अन्तिम म्यादसम्ममा एउटा व्यवसाय मालिकको उमेर १८-३५ वर्षको हुनुपर्छ। थप, CCMF परियोजना अवधिभर तोकिएको व्यवसाय मालिक समूहमा रहनुपर्छ।

व्यावसायिक धारमा कम्पनी आवेदनको लागि, भर्नाको बेलामा कम्पनी हङकङमा दर्ता भएको र समावेश भएको एक लिमिटेड कम्पनी हुनुको अतिरिक्त, अन्तिम म्यादसम्म आवेदकको उमेर कम्तिमा पनि १८ वर्षको हुनुपर्छ।

---

५. आवेदन तथा भर्ना प्रक्रिया कति लामो हुन्छ र यसले कसरी कार्य गर्छ ?

अन्तिम म्याद अघि आवेदन पेश > योग्यता जाँचको लागि आवेदनको अन्तिम म्याद पछि सुरुवाती स्क्रिनीङ > प्रस्तुतिमा सहभागी हुनको लागि योग्य आवेदकहरुको छनोटसूची बनाउने > प्रस्तुति तथा छनौट (भेटिङ) (छनोटसूचीका समावेस आवेदक मात्र) > नतिजा घोषणा > साइबरपोर्टद्वारा सन्दर्भ जाँच > भर्नाको लागि समझदारी हस्ताक्षर गर्ने > परियोजना अवधि सुरु हुन्छ

सामान्यतया, प्रक्रिया पुरा हुनको लागि आवेदनको अन्तिम म्यादपछि ३-४ महिनासम्म लाग्छ । उदाहरण, यदि आवेदनको अन्तिम मिति अप्रिल महिनामा छ भने, छनोटसूचीका सूचीका आवेदकहरुको प्रस्तुति मे महिनामा मात्र सम्पन्न हुनेछ । नतिजा जुन महिनामा धोषणा गरिनेछ र सन्दर्भ जाँच भएपछि दिईएको परियोजनाको साथ समझदारीमा हस्ताक्षर जुलाई महिनामा हुनेछ; तसर्थ CCMF सुरुवातको दिन जुलाई महिनामा हुनेछ ।

---

६. के मैले अन्य सार्वजनिक वित्त पोषित संस्था/प्रोग्रामहरुबाट एकै समयमा CIP वा CCMF जसतै अनुदान वा कोष प्राप्त गर्नसक्छु ?

प्राप्त गर्ने अनुमति आवेदकलाई छैन वा उनीहरुले प्राप्त गर्न पाउनेछैनन् । । यो कुरा एकै वा त्यस्तै परियोजनामा मात्र लागु हुन्छ, तर व्यक्ति, कम्पनी निर्देशक वा सेयरधनीहरुमा लागु हुँदैन ।

---

७. के मैले CCMF परियोजना अवधिमा CIP आवेदन दिनको लागि सोही परियोजना प्रयोग गर्नसक्छु ?

CCMF अनुदान पाएकाहरुले CCMF परियोजन समाप्तिपछि मात्र सोहि परियोजनाले CIP आवेदन दिनसक्छन ।

---

८. के तपाईंले मेरो विचारलाई गोप्य राख्नुहुनेछ ?

सम्पूर्ण CCMF आवेदनहरुलाई सोही गोपनियताको साथमा लिईन्छ । सफल आवेदकहरुले आफ्नायोजना र बिचारहरू धेरै श्रोताहरुसँग पनि राख्नुपर्ने (सेयर) गर्नुपर्ने हुनसक्छ ।

---

९. के आवेदन शुल्क लाग्छ ?

लाग्दैन, आवेदन प्रक्रियाको लागि कुनै शुल्क छैन ।

---

१०. आवेदन दिनको लागि मैले के पेश गर्नुपर्छ ?

सम्पूर्ण आवेदकहरुले हाम्रो अनलाइन पोर्टलमार्फत अनलाइन आवेदन तथा आवश्यक सहायक कागजातहरु पेश गर्नुपर्छ ।

---

११. मैले कहिले आवेदन दिनसक्छु ?

हामीले वर्षभरि नै आवेदन लिन्छौं, प्राप्त गरिएका आवेदनहरु तिनवटा समूहमा (ब्याचमा) गरेर प्रक्रिया अगाडि बढाईने छ ।

**हामीलाई कुनैपनि कुरा सोध्नुहोस**

(८५२) ३१६६-३९०० कार्यालय समयमा फोन (कल) गर्नुहोस
इमेल ccmf_enquiry@cyberport.hk